सहकारी र कृषि

- केशवप्रसाद बडाल

अंग्रेजीमा कृषिलाई Agriculture भन्दछन् । Culture भनेको संस्कृति हो । वास्तवमा कृषि अत्यन्त महत्वपूर्ण संस्कृतिसंग गाँसिएको छ । मान्छेलाई अरु प्राणीभन्दा फरक ढंगले विकास गर्न हातेमालो गर्दै अघि बढ्न प्रेरित गर्ने क्षेत्र कृषि नै हो । गत दश हजार वर्षको यस क्षेत्रको इतिहासले त्यही वताउंदछ । पशुपालन व्यवसायबाट घुमन्ते जीवनको क्षेत्र सीमित पारेको थियो । बालीनाली लगाउन थालेपछि निश्चित थात थलो मै बसेर उत्पादन भण्डारण महिनौं र वर्षभरी खानका लागि अन्न भण्डारण गर्ने तहमा लागेर कृषिले सभ्यता संस्कृतिको विकासको जग बसायो । गण्डकी, कोशी, कर्णाली, वागमती, नारायणीजस्ता नदी किनार र त्यसले बनाएका फाँटबाट कृषि विकास विस्तार, सभ्यता र संस्कृतिको विकास भएको हामीले देखेका छौं । यस्तै गंगा, ब्रमहपुत्र, सतलज, सिन्धु, व्हाङहो, याङत्से, नाइल, बोल्गा, लगायत नदी वरिपरि विश्व सभ्यता विकास हुनु कृषि कार्य कै कारण हो । कृषि उत्पादन विज्ञान र संस्कृतिको संगम पनि हो । अन्न उत्पादन, भण्डारण, प्रशोधन, स्थानान्तरण लगायत कै आधारमा क्रमशः कृषि क्रान्ति र त्यसकै जगमा औद्योगिक क्रान्ति भएको हो । अहिले कृषि उत्पादनका नयाँनयाँ प्रविधिको विकास भएको छ। कृषि उत्पादन, कृषि व्यवसाय, कृषि विज्ञहरुको उत्पादन, कृषि पर्यटनको विकास, कृषि उद्योगको विकास, एग्रोनोमिष्ट, हर्टिकल्चरिष्ट, कृषि बैज्ञानिक, टेक्निसियनहरुको दक्ष जनशक्ति उत्पादन हुनु अघि पुस्तौं पुस्ता अनुभवको आधारमा नयाँ नयाँ अनुसन्धान र विकास भएको थियो । आधुनिक वैज्ञानिक कृषि फर्म र कृषि विज्ञहरुको औपचारिक दर्जा हासिल नगरेको बेलामा पनि कृषिका अनेक परीक्षणबाट पार गर्दै अघि बढ्दै विकास भएको जगजाहेर छ ।

कृषिको पोशक तत्व उर्वर माटो, नाइट्रोजन, फस्फोरस, पोटास, पानी, घाम लगायत हुन । गुणस्तरीय वीउ विजन उचित स्थानमा उचित तापक्रममा उचित विषयको उत्पादन हुने हुँदा यो पक्ष पनि महत्वपूर्ण हुन्छ । यी सबै कार्यका लागि मानव संशाधन महत्वपूर्ण पक्ष हो । त्यो पक्ष सक्षम, व्यवस्थित र विकसित हुन सहकारी भावना, सहकारी दर्शन, सहकारी मूल्य मान्यता सहितको सहकार्यको अति महत्वपूर्ण स्थान र भूमिका हुन्छ। कृषि, गैर कृषि, उद्योग र सेवा जुनसुकै क्षेत्रको विकास र विस्तारका लागि सहकारी अवधारणा, सहकारी सिद्धान्त र प्रयोगको महत्वपूर्ण स्थान हुन्छ । नेपालको सन्दर्भमा सहकारी क्षेत्रको विकासक्रम र यसका लागि नीतिगत तथा कानूनी क्षेत्रमा भए गरेका कानूनी प्रयासको श्रृंखलाबद्ध प्रयास बारे यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

नेपालमा सहकारी कानूनको संक्षिप्त इतिहास

नेपालमा स्न १९५० को परिवर्तन पछि राजनीतिक स्थिरता नभए पनि संसारका विभिन्न देशसँग सोझै सम्बन्ध सम्पर्क विस्तार हुदै गयो । सहकारी बारे पनि चर्चा परिचर्चा हुन थाल्यो । संसारका कतिपय देशले सहकारी अभियान मार्फत जनताको जीवनमा परिवर्तन ल्याउन सकेका उदाहरणहरु आउन थालेको थियो । यसै

* लेखक राष्ट्रिय सहकारी संघका अध्यक्ष हुनुहुन्छ । प्रस्तुत लेखमा व्यक्त विचार लेखकका निजी विचार हुन् - सम्पादक ।

क्रममा खास गरी १९५४ मा नेपालमा भएको अतिवर्षाले गर्दा वाढी, पहिरोका कारण देशका अनेक भागमा खेतीपाती सखाप भएको, मानिसहरुको विभिन्न स्थानबाट विस्थापित भएका कारण नयां नयां उपायको खोजी हुन थालेको थियो । यसैबेला नेपालमा सहकारी समिति विल २०११ तर्जूमा भएपछि सहकारी कानूनको इतिहास शुरु हुन्छ ।

- २०१३ सालमा सरकारको कार्यकारिणी आदेशबाट ऋण सहकारीको गठन भयो र चितवनमा बखान ऋण सहकारी समिति स्थापना भयो ।
- सहकारी ऐन, २०१६ पारित भयो ।
- सहकारी संस्था नियमहरु २०१८ बनाएर कार्यान्वयन भयो ।
- २०१९ को तेस्रो संशोधनपछि सहकारी अभियानलाई संवैधानिक मान्यता प्राप्त भयो ।
- सहकारी ऐन, २०१६ खारेज गरी साझा ऐन, २०४१ तर्जूमा गरियो ।
- २०४३ सालमा साझा संस्था नियमावली तर्जूमा भई कार्यान्वयन भयो ।
- साझा ऐन र साझा नियमावली २०४८ सम्म क्रियाशील रह्यो ।
- २०१७ देखि २०४८ सम्मनै सहकारी संघ संस्था सरकारको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रह्यो । करिव ३४ वर्षको अवधि सहकारीका सिद्धान्त अनुरुप संचालन नभई सरकारी नियन्त्रणमै रह्यो ।
- २०४६ को जनआन्दोलनपछि सहकारी परामर्श दातृ समिति बनाएर त्यसले अघि सारेको परामर्श प्रतिवेदनको आधारमा सहकारी ऐन जारी भयो ।
- २०४८ मा सहकारी ऐन, २०४८ जारी भयो ।
- २०४९ मा सहकारी नियमावली, २०४९ जारी भयो ।
- केही नेपाल संशोधन ऐन, २०५७ र सहकारी पहिलो संशोधन ऐन २०५७ जारी भयो ।
- अन्तरिम संविधान २०६३ मा सहकारी निजी र सार्वजनिक सहित तीन खम्वे अर्थनीति स्वीकार गरियो ।
- २०६५ मा सुपथ मूल्यका सहकारी पसल संचालनसम्बन्धी नियमावली आयो ।
- सहकारी संघ संस्था दर्ता, संचालन, लेखापरीक्षण, अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ आयो ।

यसरी सहकारी बारे विभिन्न समयमा विभिन्न ऐन कानून र नियमावलीहरु तथा निर्देशिकाहरु आएका छन् ।

- अहिले सहकारी नीति तर्जूमा भएको छ सरकारले पारित गर्नुपर्ने छ ।
- सहकारीको ५ वर्षे रणनीति तयार भएको छ, सरकारले स्वीकृत गर्न बांकी छ ।
- व्यवहारिक रुपले यी सबैलाई प्रभावकारी रुपले अघि बढाउन राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघहरु आ-आफ्नो क्षेत्रमा क्रियाशिल र गतिशिल छन् ।
- राष्ट्रिय सहकारी विकास बोर्ड र सहकारी विभाग सक्रियतापूर्वक लागिरहेका छन् ।
- सहकारी तथा गरिबी निवारण मन्त्रालयको गठनपछि सम्पूर्ण रुपले यसैक्षेत्रमा केन्द्रित भएर दायित्व वहन गर्ने तालुकवाला मन्त्रालय स्थापना भएकाले सहकारी आन्दोलनलाई व्यवस्थित, व्यवहारिक र गतिवान ढंगले अघि बढ्ने आधार निर्माण भएको छ ।

राज्यले तीन खम्वे अर्थ नीति अँगालिसकेको छ । तीनखम्वे अर्थनीतिलाई व्यवहारमा उतार्न कै लागि सहकारी तथा गरिबी निवारण मन्त्रालय अलग्गै स्थापना भएको हो ।

तीन खम्वे अर्थ नीति सबल बनाउन सहकारी क्षेत्रलाई सबल, सक्षम, व्यापक र व्यवस्थित बनाउन कृषि क्षेत्रलाई नै सवल बनाउन जरुरी छ । नेपालको प्रमुख उत्पादक शक्ति किसान र प्रमुख उत्पादनको साधन भूमि, देशको कूल ग्राहस्थ उत्पादनको एकतिहाईभन्दा बढी योगदान गर्न कृषि र लगभग ७५% जनताको बसोबासको क्षेत्र ग्रामीण क्षेत्र भएकाले, ग्रामीण क्षेत्र, कृषि क्षेत्र र कृषि सहकारी क्षेत्रको महत्व कति छ भन्ने कुरा स्वतः सिद्ध छ । समग्र विकासलाई गति दिन र सहकारी क्षेत्रलाई प्रभावकारी विकास गर्न कृषि क्षेत्रमा आधारित हुन जरुरी छ । यसका लागि दिगो विकासको जग बलियो बनाउनकै लागि पनि कृषि सहकारी हरेक गा.वि.स. र नगरमा पनि स्थापित र विकसित गर्न जरुरी छ । कृषि सहकारीलाई सवल बनाउन केवल कृषि सहकारी मात्र होइन बचत तथा ऋण सहकारीका शेयर सदस्यहरु, वहुउद्देश्यीय सहकारीका शेयर सदस्यहरु, राष्ट्रिय सहकारी बैंकका सदस्य संस्था तथा संघहरु, तरकारी फलफूल सहकारी संघहरु लगायत सबै कृषिसंग सम्बन्धित विषयगत संघ/संस्था र तिनका शेयर सदस्यहरु यस क्षेत्रको विकासका लागि अनुसन्धान र विकासमा निरन्तर लाग्न जरुरी छ । अहिले पनि लागि रहेका छन्, अझै बढी जोडदिनु जरुरी छ ।

बढ्दो जनसंख्या र कृषि सहकारी

एक पुस्तापछि अहिलेको जनसंख्या डेडी हुंदैछ । २०५० सम्म अहिले कृषि उत्पादनमा प्रयोग भएको जमीन गैर कृषि प्रयोजनमा प्रयोग भएर करिव १४% घट्ने छ । एकातिर जनसंख्या डेडि हुने अर्कातिर कृषिको उब्जाउ भूमि गैर कृषि क्षेत्रमा प्रयोग भएपछि समस्या अझै थपिने छ । उत्पादनको कमी र उपभोक्ता संख्या वृद्धिले मांग बढ्दै जाने र आपूर्ति घट्दै जाने निश्चित छ । अहिले पनि गरिबीको रेखामुनि रहेका अधिकांश भूमिहीन कृषि श्रमिक र सहरिया गरीब नै छन् । अहिले नै भरपेट खान नपाई दिन बिताउन वाध्य भएका ती जनसमुदाय माथि बताएको अवस्था आएपछि अझ मारमा पर्छन । यस्तो अवस्थाबाट मुक्त हुन अर्थतन्त्रको तीन खम्वा मध्ये एक खम्वा सहकारी भएको हुनाले सहकारी क्षेत्रका सबैले गम्भीर हुन जरुरी छ ।

यसका लागि थोरै क्षेत्रफलमा बढी उत्पादन गर्न अनुसन्धान र विकासका यावत कुरामा लाग्न जरुरी छ । कृषि उत्पादन प्रणालीमा परिवर्तन ल्याएर, बढ्दो लागत, घट्दो उत्पादनमा परिवर्तन ल्याउन जरुरी छ । सहकारीको आफ्नै संजाल देशका प्रत्येक जिल्लामा स्थापित छन् । सहकारी संस्था, संघ र महासंघले केवल व्यवसायिक कार्य मात्र गर्दैनन्, चेतनामूलक कार्यक्रम संचालन गर्छन् । सहकारीका आधारभूत मूल्य मान्यता र सिद्धान्त, सहकारी दर्शन र आचरणका बारे निरन्तर तालिम प्रशिक्षण गर्ने गर्छन् र गर्ने पर्छ । त्यसै गरी उत्पादन, भण्डारण, प्रशोधन, वितरणका बारे निरन्तर तालिम तथा प्रशिक्षण गरिने गरेको हुन्छ । निरक्षर र अचेत समुदायमा साक्षरता अभियान र सचेतना अभियान संचालन गरेको हुन्छ । विज्ञान प्रविधि व्यवस्थापन र लेखा व्यवस्थापन प्रशिक्षण नियमित रुपमा गर्ने गरिएको र गर्नुपर्ने हुन्छ । अहिले विज्ञानले धेरै कुरा सरल बनाएको छ । संसारका जुनसुकै देशका वैज्ञानिकहरुले अनुसन्धान गरेको भए पनि त्यसलाई सरल र सहज ढंगले वैज्ञानिक उपलव्धताको पहुंच पुऱ्याउन राज्यले सघाउनु उसको दायित्व हो । राज्यलाई सामाजिक न्याय, उत्पादकत्व वृद्धि, बैज्ञानिक प्रयोगलाई उत्पादक शक्तिसम्म पहुंच पुऱ्याउन राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघहरुले आ-आफ्नो कार्य क्षेत्रबाट सहजकर्ताको भूमिका निभाउन जरुरी छ । सहकारी तथा गरिवी निवारण

मन्त्रालय, राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारी विभाग, गरिबी निवारण कोष, कृषि विकास मन्त्रालय, सिंचाई मन्त्रालय, उद्योग मन्त्रालय, उर्जा मन्त्रालय, आपूर्ति मन्त्रालय, विज्ञान तथा वातावरण मन्त्रालयले सघाउने र अर्थ मन्त्रालयले त्यसका लागि सशक्त प्रोत्साहन गर्न आवश्यक छ ।

५ दशक पहिले हेनरि मेन्ड्रस (Heneri Mandrs) ले द इण्ड अफ द पिजेन्ट्री (The end of the peajentry) लेखे उनैले दशवर्ष पछि १९६७ मा द भेनिसिङ पिजेन्ट्री (The venising Peasentry) लेखे । तर यो सत्य थिएन । कृषिको महत्वलाई कसैले कम आक्नु हुंदैन । हेनरी मेन्ड्रसले कृषिको महत्वलाई कम आँके जस्तै कसैलाई कम आक्नु हुंदैन । हेनरि मेन्ड्रसले कृषिको महत्वलाई अरु औद्योगिक उत्पादनको तुलनामा महत्व कम भएको क्षेत्र भनेर जुन विष्लेषण गर्नु भयो त्यसले कृषि क्षेत्रको कष्टकर कामबाट थाकेका मान्छेलाई उत्साहित गर्ला तर, समग्रमा त्यो गलत धारणा हो । कृषि बाहेकका वस्तु उत्पादनको एउटा सिमा हुन्छ । खनिज पदार्थको भण्डारणको एउटा सिमा हुन्छ र निश्चित मात्रा उपयोग गरिसकेपछि सकिन्छ । उद्योगका पनि कुनै उत्पादन एक कालमा संसारै त्यही हो कि जस्तो लाग्ने गरी देखापर्छ र त्यो विस्तारै हराउदै जान्छ । तर कृषि मानव इतिहासको खास गरी पशुपालन कृषि शुरु भएको गत १० हजार वर्षदेखि यसको आवश्यकता र महत्व घटेको छैन । घट्दैन, अझ यसको विकास र विस्तार हुन जरुरी छ । किनकि मोबाइल, कम्प्युटर, मोटर, हवाईजहाज खाएर हुंदैन खानका लागि कृषि वस्तु नै चाहिन्छ । कृषि क्षेत्र सधैं हामीसंगै रहने क्षेत्र हो । यसको विकल्प कुनै वैज्ञानिकले पत्ता लगाएका छैनन् । कृषि मानव सभ्यताको अविछिन्न क्षेत्र हो । औद्योगिक क्रान्तिको पिता पनि कृषि नै हो । युरोपमा या जापान, कोरिया, चाइना, भारतमा हरेक देशमा जहां कृषिको उत्पादकत्वका आधार सवल बनाइयो त्यो ठाउँमा दिगो विकास र औद्योगिक विकास भएको छ । जहां कृषिलाई कम महत्व दिइयो त्यो ठाउँमा निरन्तर र दिगो विकास भएको छैन । कृषिमा पनि उत्पादक शक्तिलाई जहां उत्साहित र प्रोत्साहित गरियो त्यहां तिब्र विकास भयो, जहां उत्पादक शक्तिलाई उत्साहित गरिएन त्यहां विकासले गति लिन सकेन । विकासलाई सहकार्य, सहकारी र समुदायको भावना अनुरुप अघि बढाइयो त्यहां प्रगति भयो । जहां त्यो गरिएन त्यहां गति लिन सकेन ।

सिङ्गै युरोपको आर्थिक सामाजिक सांस्कृतिक र वैज्ञानिक विकास, जापान, कोरिया, चीनको विकासको सारलाई हेर्‍यौं भने सामन्ती भूस्वामित्वको अन्त गरेर लोकतान्त्रिक ढंगले कृषि अर्थतन्त्रको विकास अगाडि बढाएपछि नै विकासले गति लिएको हो । जुन जुन देशमा त्यसो हुन सकेन त्यहां सामाजिक न्याय पनि कमजोर भयो, उत्पादकत्व वृद्धि पनि कमजोर भयो । केवल नर्वे, स्वीडेन, डेनमार्क, जर्मनी मात्र होइन सिंगै युरोपका सहकारी आर्थिक, सामाजिक, सांस्कृतिक संरचना विकसित भएरै गैह्र कृषि क्षेत्रको विकास भयो । त्यसै गरी जापान, कोरिया, चीनको पनि त्यही हो । यसैले सामन्ती भूस्वामित्वको अन्त गर्ने, लोकतान्त्रिक ढंगले कृषि अर्थतन्त्रको पुनरगठन गर्ने, छरिएको पूंजी, श्रम, सीप, क्षमता र भूमिलाई सहकारी माध्यमबाट अघि बढाएर नै सामाजिक न्याय, उत्पादकत्व वृद्धि र लोकतान्त्रिक आर्थिक आधार निर्माण गर्न सकिन्छ ।

खाद्य संकट न्यूनीकरणका लागि सहकारी

अहिले पनि विश्वका ७ अर्व जनतामा एक अर्व चवालिस करोड जनता खान नपाउने अवस्थामा छन् । त्यसमध्ये सबैभन्दा धेरै खान नपाउने गरीब दक्षिण एशिया र अफ्रिका महादेशका छन् । जलवायु परिवर्तनको असर सबैभन्दा धेरै हिमालयको दक्षिण भागमा पर्दैछ । खाद्य र पानीको संकट डरलाग्दो ढंगले देखिदैछ । नेपालको पनि पहाड, तराई, पूर्व पश्चिम सबैतिर दिन दिनै खाद्य र पानीको संकट बढ्दो मात्रामा देखिन थालेको छ । यस्तो

अवस्थाको सामना गर्न आमजनतामा खास गरी किसान बीच पुऱ्याउन सहकारीको भूमिका महत्वपूर्ण हुन्छ । हालैको सहकारी विभागको तथ्यांक अनुसार नेपालमा कूल २५३५३ सहकारी संस्था र संघ मध्ये कृषि क्षेत्रका कृषि, दूध, तरकारी फलफूल, चिया, कफी, मौरी, उखु, जडीवुटी समेतका संस्थाहरु ६९९९ छन् । जसमा कृषि सहकारी मात्रै ४६९६ छन् । यसमा संगठित सदस्य संख्या ५१८५२६ छन् । गैर कृषि क्षेत्रका समेत कूल सदस्य संख्या ३६,२०,४२० मा कृषि क्षेत्रको संख्या ५ लाख लगभग हुनु थोरै हो । यो क्षेत्रमा सहकारी गतिविधि अघि बढाउन जरुरी छ । किनकी खाद्य संकट न्यून गर्नका लागि कृषि सहकारीको क्रियाशिलता आधार र क्षमता वृद्धि गर्न जरुरी छ । सबैभन्दा गरिबी अभाव र अशिक्षा यही क्षेत्रमा छ । यही क्षेत्रमा शिक्षा, तालिम र प्रविधि पूर्वाधारको पहुँच पुऱ्याउन जरुरी छ । देशको गरिबीको रेखामुनि रहेका जनतामा सबैभन्दा ठूलो संख्या पनि यही कृषि क्षेत्रमा छ । त्यहाँ सहकारीको आधार र सक्षमता वृद्धिका लागि व्यापक लगानी बढाउन जरुरी छ । गरिबी निवारण कोष लगायत गरिबी न्यून गर्ने कार्यमा संलग्न सबै पक्षबाट र सहकारी अगुवाहरुको पनि यस क्षेत्रमा ध्यान केन्द्रित गर्न जरुरी छ । खाद्य संकट बढ्दै जाने संकेत देखिदै गएको छ । विश्व खाद्य तथा कृषि संगठनका अनुसार सन् २०५० सम्ममा अहिलेको जनसंख्या डेडी बढ्छ ।

अहिलेकै जनसंख्यालाई खान पुगिरहेको छैन । उत्पादनशील भूमि गैर कृषि क्षेत्रमा रुपान्तरित भैरहेको छ । यस्तो स्थितिमा सघन उत्पादन प्रणालीको विकास गर्नु जरुरी छ । जनताको जीवनस्तरमा आउदै गरेको परिवर्तनसंगै खाने प्रविधिमा पनि परिवर्तन आएको छ । सोही अनुसारको उत्पादन गर्न नयाँ नयाँ प्रविधिको विकास गर्न जरुरी छ । जीवनस्तर उठ्दै जानेक्रम संगै माछा, मासु, दूध, फलफूल, सागपात, तरकारीको उपयोग बढ्दै जान पनि थालेको छ । यसको उपभोग बढ्दैजाने उत्पादन यथावत रहने भएमा विदेशबाट आयात बढ्दै जान्छ । आयात बढ्नेक्रम संगै देशको व्यापार घाटा बढ्दै जान्छ । व्यापार घाटा बढ्नेक्रम संगै लगानी क्षमता कमजोर हुंदै जान्छ, जसले झन बेरोजगारी बढाउँछ । आयातलाई प्रतिस्थापन गर्न निर्यात प्रवर्द्धन गर्न, रोजगारी बढाउन, गरिबी न्यूनीकरण गर्न कृषि वस्तुको उत्पादन बढाउन जरुरी छ । यसका लागि सहकारी खास गरी कृषि सहकारीको क्रियाशिलता र क्षमता वृद्धि गर्न जरुरी छ । सिंचाईका लागि दिन प्रतिदिन पानीको अभाव खड्कदै गएको छ । खोला नाला सुक्दैछन, अनावृष्टि र अतिवृष्टिको समस्या छदैछ । यस्तो स्थितिमा थोपा सिंचाई कार्यक्रम, आकासे पानी संकलन, कम पानीमा उत्पादन गर्न सकिने बाली नालीको प्रयोग लगायतका प्रविधिबाट थोरै जमीनमा धेरै उत्पादन बढाउन, जलवायु परिवर्तनको सामना गर्न सहकारीले विशेष अभियान संचालन गर्न जरुरी छ । संगसंगै के खाने, कसरी खाने, के खाँदा स्वास्थ्यलाई लाभ र शरीरलाई आवश्यक पौष्टिकता पुग्छ । यसबारे पनि गहन अध्ययन गरी व्यवहारमा लागु गर्न सहकारी माध्यम बढी सरल र व्यवहारिक हुन्छ । जसले खाद्य संकट न्यूनीकरण गर्न मद्दत पुग्न जान्छ । देशका विभिन्न जिल्लामा कृषि सहकारी खासगरी साना किसान कृषि सहकारी संस्थाहरुले उदाहरणीय कार्य गरेका छन् । त्यो कार्य अझै व्यापक र विस्तार गर्न तालिम प्रशिक्षण प्रोत्साहनको जरुरी छ । उत्पादित वस्तुको बजारसम्म पहुंच मूल्य श्रृखला अगाडि बढाउनु जरुरी छ । उत्पादकले प्रशस्त मूल्य पाउने र उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय उत्पादन प्राप्त गर्ने आधार निर्माण गर्न राष्ट्रिय सहकारी संघले अघि सारेका ५ वर्षे रणनीतिक योजनाले प्रस्तुत गरेका सबै कार्यक्रमहरुलाई राज्यले ग्रहण गर्नु पर्दछ ।